**बडीमालिका नगरपालिका**

**नगरकार्यपालिकाको बैठक सख्या .....**

**स्थान: बडीमालिका नगरकार्यपालिकाको कार्यपालिका हल।**

**समय: बिहान ८ बजे**

आज मिति २०८३ असोज ०७ गतेका दिन यस बडीमालिका नगरपालिका नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री अमर बहादुर खड्काको संयोजकत्वमा बसी निम्नानुसारको उपस्थितिमा देहायका प्रस्तावमाथि छलफल गरि निम्नानुशारका निर्णय गरियो।

| सि न | नामथर | पद | कार्यपालिकाको पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री अमर बहादुर खड्का | नगर प्रमुख | अध्यक्ष | |
| २ | श्री नन्दा कुमारी थापा | नगर उप – प्रमुख | सदस्य | |
| ३ | श्री कृष्ण बहादुर कार्की | १ नं वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री डम्बर बहादुर महत | २ नं वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री डबल बहादुर रोकाया | ३ नं वडा अध्यक्षे | सदस्य | |
| ६ | श्री अर्जुन नाथ | ४ नं वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री धरमपाल मिजार | ५ नं वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री कृष्ण बहादुर खड्का | ६ नं वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री धर्मराज पाध्याय | ७ नं वडा अध्यक्ष | सदस्य | |
| १० | श्री चन्द्र बहादुर थापा | ८ नं वडा अध्यक्ष | सदस्य | |
| ११ | श्री सुर्य किरण वि क | ९ नं वडा अध्यक्ष | सदस्य | |

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| १२ | श्री बुदे ल्वार | कार्यपालिका सदस्य | सदस्य | |
| १३ | श्री लक्षी बि क | कार्यपालिका सदस्य | सदस्य | |
| १४ | श्री राजेश वि क | कार्यपालिका सदस्य | सदस्य | |
| १५ | श्री तुलशी गिरी (नाथ) | कार्यपालिका सदस्य | सदस्य | |
| १६ | श्री निर्मला वि क | कार्यपालिका सदस्य | सदस्यव | |
| १७ | श्री निर्मला बडुवाल | कार्यपालिका सदस्य | सदस्य | |
| १८ | श्री अम्बिका वि क | कार्यपालिका सदस्य | सदस्य | |
| १९ | श्री धना देवि विष्ट | कार्यपालिका सदस्य | सदस्य | Dhana |
| २० | लोकराज जोशी | प्र.प्र.अ | सदस्य सचिव | |
| २१ | दिल ब० चन्दारा का.पा.अध्यक्ष | | | |

आमन्त्रित पदाधिकारी तथा कर्मचारी

| सि न | नामथर | पद | | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | रमेश वि.क. | ना.प्र.प्र. | कृषि शाखा | |
| २ | टेक ब. (क्षेम) | [illegible] | [illegible] | |
| ३ | प्रतिक्षा रावल | सव ई | प्राविधिक शाखा | |
| ४ | विमला रावल | | शिक्षा | |
| ५ | विमला उपाध्याय | | लेखा | |
| ६ | जुनकना खड्का | अ.स.ई | प्राविधिक | |
| ७ | खड्क बहादुर दर्सी | ना.प.सै.प्रा | पशुसेवा शाखा | |
| ८ | नर बहादुर बोहरा | मनोसामाजिक परामर्शकर्ता | रोजगार शाखा | |
| ९ | हिमन्त व. रावल | शाखाधिकृत | प्रशासन शाखा | |
| १० | सन्तोष नेपाली | अमिन | भवन तथा बस्ती विकास | |
| ११ | बाँचमल थापा | के.अ. | राजस्व शाखा | |
| १२ | जंग ब० रोकाया | स.ई | पूर्वाधार विकास शाखा | |
| १३ | प्रेम राज पन्त | स.ई. | " | |
| १४ | रजिता शाही | [illegible] | उद्यम विकास शाखा | |
| १५ | केशरी रोकाया | अधिकृत | प्र. शा. शाखा | |
| १६ | हेम थापा | सूचना प्रविधि अधिकृत | | |
| १८ | पुष्पराज [illegible] | अधिकृत | | |

## कार्यपालिका बैठकका प्रस्तावहरु

१. LGPAS समिक्षा सम्बन्धमा।
२. विद्युत महशुल भुक्तानी कार्यक्रम सञ्चालन सम्बन्धमा।
३. स्थानीय खेलकुद सञ्चालन गर्ने सम्बन्धमा।
४. स्थानीय विदा सम्बन्धमा
५. राहतकोषमा रकम जम्मा गर्ने सम्बन्धमा।
६. इजाजत प्रदान सम्बन्धमा।
७. कार्यविधि स्विकृत गर्ने सम्बन्धमा।
८. विविध

## कार्यपालिका बैठकका निर्णयहरु:

**निर्णय नं १:** बडीमालिका नगरपालिकाको आ व २०८२।८३ को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनका लागि विषयगत शाखा कार्यपालिकाका विषयगत समितिमा छलफल बैठकबाट पृष्ठ पोषणको लागि जिल्ला समन्वय समितिमा पठाइएकोमा जिल्ला समन्वय अधिकारीले प्रदान गरेको पृष्ठपोषण बमोजिम सुधारको लागि आवश्यक प्रमाण प्रणालिमा प्रविष्टि गर्न गरि नतिजामा थप सुधारको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**निर्णय नं २:** आ.व २०८३।८४ को वार्षिक विनियोजित कार्यक्रम अन्तरगत गरिब तथा विपन्न नागरिकलाई अधिकतम २० युनिट विद्युत् महसुल भुक्तानीमा सहयोग गर्ने कार्यक्रम रहेकोले गरिब तथा विपन्न नागरिकलाई अधिकतम २० युनिट विद्युत् महसुल भुक्तानीमा सहयोग निर्देशिका, २०८३ को दफा ६ बोजिमको समिति गठन गरि निर्देशिका बमोजिम लक्षित लाभग्राहिहरुको विवरण संकलन गरि कार्यविधि बमोजिमको प्रकृया पुरा गरि मिति २०८३।०७।१५ गतेसम्म यस कार्यालयमा पेस गर्न दफा ६ बमोजिमको समितिलाई निर्देशन दिने।

**निर्णय नं ३:** आउदै गरेको विजया दशमीको अवसरमा यस नगरपालिकाका वडाहरुमा स्थानीय युवा खेलाडीहरुको क्षमता अभिवृद्धि गर्ने उदेश्यले स्थानीय स्तरमा खेलकुद प्रतियोगिता सञ्चालन गर्ने। सो बमोजिमको आर्थिक दायित्व नगरपालिकाले व्यहोर्ने।

**निर्णय नं ४:** प्रत्येक वर्ष भाद्र शुक्ल चतुर्दशीको अवसरमा बडीमालिका नगरपालिकामा मनाइने स्थानीय अनन्ते पर्वको उपलक्ष्यमा यस नगरपालिकाभित्रका सवै वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक तथा संस्थागत

प्रमुख प्रशासकीय अधिकृत

विद्यालयहरुमा मिति २०८३।०६। १२ गते स्थानीय बिदा दिने। साथै बडिमालिका क्षेत्रभित्रका धार्मिक मठमन्दिरको पूजाको लागि पूजा सामग्री र भेटि उपलब्ध गराउने।

**निर्णय नं ५:** यहि भाद्र १० गते रसुवा जिल्लामा आएको विनाशकारी बाढीले गर्दा सिर्जना भएको विपद् व्यवस्थापन तथा राहत उद्धार उपलब्ध गराउन यस नगरपालिकाका जन प्रतिनिधि कर्मचारी तथा शिक्षकहरुको पारिश्रमिकबाट देहायबमोजिम कट्टी गरि नगरपालिकाको विपद व्यवस्थापन कोषमा जम्मा गर्ने। सो बापत संकलन हुने रकम मध्ये १० लाख स्थानीय विपद्कोषमा राखि स्थानीय स्तरके विपद् व्यवस्थापनको लागि खर्च गर्ने र बाँकी रहेको रकम प्रधानमन्त्री राहत तथा उद्धार कोषमा जम्मा गर्ने।

| सि न | विवरण | पारिश्रमिक कट्टी हुने दिन |
|---|---|---|
| १ | नगर प्रमुखको सेवा सुविधाबाट | ४ दिनको सेवा सुविधा |
| २ | नगर उप प्रमुखको सेवा सुविधाबाट | ४ दिनको सेवा सुविधा |
| ३ | वडा अध्यक्षको सेवा सुविधाबाट | ४ दिनको सेवा सुविधाबाट |
| ४ | कार्यपालिकाको सदस्यको सेवा सुविधाबाट | ४ दिनको सेवा सुविधाबाट |
| ५ | वडा सदस्यको सेवा सुविधाबाट | ४ दिनको सेवा सुविधाबाट |
| ६ | नगरपालिकामा कार्यरत शिक्षक कर्मचारीहरुको पारिश्रमिकबाट | संघिय सरकारको निर्णयानुसार |

**निर्णय नं ६** बडीमालिका नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०८२ को दफा २ को उपदफा ४ बमोजिम देहायको फर्मलाई इजाजत प्रदान गर्ने।

| सि.न | फर्मको नाम | ठेगाना |
|---|---|---|
| १ | कैलाश ग्रीन अर्थ बिल्डर्स प्रा.लि | ब.न.पा ०८ |
| २ | आर्विन निर्माण सेवा एण्ड अर्डर सप्लायर्स प्रा.लि | ब.न.पा ०८ |

**निर्णय नं ७** देहायको कार्यविधि स्विकृत गर्ने।

क) युवाक्लब गठन दर्ता तथा परिचालन सम्बन्धि कार्यविधि, २०८३

ख) अनिवार्य तथा निशुल्क शिक्षा सुनिश्चितता सम्बन्धि कार्यविधि, २०८३

ग) भूमी बैङ्क स्थापना तथा सञ्चालन कार्यविधि २०८३

**विविध:**

**निर्णय नं १** बुडीमालिका नगरपालिका वडा नं. ७ स्थित सरस्वती आधारभूत विद्यालयको नाममा रहेको कित्ता नं. १४७४ को जग्गा हाल प्रयोगविहीन रहेको, विद्यालयको शैक्षिक गतिविधि अन्यत्र व्यवस्थापन भइसकेको तथा उक्त

जग्गा विद्यालयको हाल सञ्चालन स्थलबाट करिब ५०० मिटर दूरीमा रहेको हुँदा विद्यालय व्यवस्थापन समिति र वडा समितिबाट प्राप्त निर्णय/सिफारिससमेतका आधारमा झम्कने शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण तथा स्वास्थ्य सेवा सञ्चालनका लागि उक्त जग्गा उपयोग गर्ने निर्णय गरियो।

साथै, नगरपालिकाबाट भवन निर्माणका लागि विनियोजित बजेट स्वीकृत कार्यक्रमअनुसार कार्यान्वयन गर्न र भूमि व्यवस्थापन तथा सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्बन्धित निकायको पत्रमा उल्लेख भएबमोजिम मालपोत (नवौँ संशोधन) नियमावली, २०८३ को नियम २३क १. बमोजिम आवश्यक स्वीकृतिका लागि सम्बन्धित जिल्ला स्थित भूमि प्रशासन कार्यालयमा अनुरोध गरी प्रचलित कानूनबमोजिमको प्रक्रिया पूरा गर्ने निर्णय गरियो।

**निर्णय नं २** हाल नेपाल सरकारबाट ईसिडि शिक्षक,विद्यालय परिचार तथा लेखापालको पारिश्रमिकमा वृद्धि भएको र सोको तुलनामा नगर शिक्षकहरूको पारिश्रमिक कम रहेको अवस्थालाई दृष्टिगत गरी नगर शिक्षकहरूको तह तथा जिम्मेवारीअनुसार पारिश्रमिकमा आवश्यक समायोजन गर्ने सम्बन्धमा आगामी नगरसभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो। समायोजन गर्दा नेपाल सरकारबाट तोकिएको सम्बन्धित पदको पारिश्रमिकभन्दा नगर शिक्षकको पारिश्रमिकमा ५ प्रतिशत फरक रहने गरी आवश्यक व्यवस्था प्रस्ताव गर्ने निर्णय गरियो।

**निर्णय नं ३** वि.सं. २०७४ मा साविक कृषि विकास कार्यालय, बाजुराबाट दौते ओखरका नाममा वितरण गरिएका बिरुवामध्ये स्थानीय हाडे (हड्डी) जातको ओखर फलेको भनी श्री टीकाराम पाध्यायबाट प्राप्त निवेदनका सम्बन्धमा, सम्बन्धित कृषि प्राविधिक/अधिकारप्राप्त निकायबाट स्थलगत निरीक्षण तथा आवश्यक प्राविधिक परीक्षण गराई ओखरको जात र खेतीयोग्य जमिनमा परेको वास्तविक असर यकिन गर्ने तथा सोको आधारमा प्राविधिक प्रतिवेदन तयार गराई प्रचलित कानूनबमोजिम आवश्यक कारबाही/क्षतिपूर्तिका लागि अधिकारप्राप्त निकायसमक्ष सिफारिस तथा अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं ४** यस नगरपालिकाका विभिन्न वडाबाट स्वास्थ्य उपचार तथा विपद् जन्य घटनाबाट प्रभावित भई आर्थिक सहायताको लागि निवेदन पेस गरेका व्यक्तिहरुलाई देहायबमोजिमको आर्थिक सहायता उपलब्ध गराउने।

| सि न | राहत पाउने व्यक्तिको नामथर | ठेगना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | तिलन रावल | ब.न.पा ८ | १६०००। | |
| २ | धनी बहादुर रोकाया | ब न पा ३ | १५००० | |
| ३ | धन बहादुर रोकाया | ब न पा ३ | ६००० | |
| ४ | खण्टी चदारा | ब न पा ९ | ५००० | |
| ५ | कृष्ण चदारा | ब न पा ५ | २५००० | |
| ६ | इस्वरा साउद | ब न पा ५ | १६०००। | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ७ | अमर बहादुर बि क | ब न पा ३ | १००००। | |
| ८ | नौले बडुवाल | ब न पा ६ | ५००० | |
| ९ | बल बहादुर रावल | ब न पा ८ | १००००। | |
| १० | बल दमाई | ब न पा ७ | ५००० | |
| ११ | शान्ति देवि खड्का बडुवाल | ब न पा ६ | ८०००। | |
| १२ | शुर्य बडुवाल | ब न पा ६ | ५०००। | |
| १३ | खगेन्द्र बहादुर खड्का | ब न पा ६ | ६०००। | |
| १४ | देव विक सुरेश विक धन बहादुर रावल | | १५००००। | शुदूर पश्चिम पुनस्थापना फाउण्डेशनलाई उपलब्ध गराउने। |
| १५ | लोक्मणी बोहरा | | ३००००। | |
| १६ | सन्तोष सार्की | ब न पा ३ | ३००००। | |
| १७ | निरा दानी | ब न पा ६ | १००००। | खुला भलिवल प्रतियोगिताको लागि सहायता |

**निर्णय नं ५** आ व २०८३। ८४ को लागि नेपाल सरकार संघीय समपुरक अनुदानमार्फत सामुदायिक विद्यालय भवन निर्माण अन्तरगत रु १ करोड ६ लाख विनियोजन भएकोमा तपसिलका सामुदायिक विद्यालयहरु प्राथमिकताको आधारमा ठेक्का आह्वान गर्ने।

१. बालमन्दिर आधारभुत विद्यालय विद्यालय निर्माण ब.न.पा ८

२ .द्वारीका आधारभुत विद्यालय निर्माण ब.न.पा ९

३. वि पि आधारभुत विद्यालय भवन निर्माण ब. न. पा २

**निर्णय नं ६** बडीमालिका नगरपालिकामा प्रत्येक वर्ष जनै पूर्णिमाको अवसरमा लाग्ने बडीमालिका मेलाको समयमा भक्तजनहरुको सहजको लागि विभिन्न पदमार्गमा होडिङ् बोर्ड, Location सहितको सूचना बोर्ड डिजाइत,फिटिङ् लगायत अन्य व्यवस्थापनमा भएको खर्चबाफतको रकम विल बमोजिम भुक्तानी गर्ने।

**निणय न ७** प्रस्तावमाथि छलफल गर्दा बडीमालिका नगरपालिकाका नौ वटै वडाका वडा सहजीकरण समिति, वडा समिति तथा नगर सहजीकरण समितिको मिति २०८३ असोज ५ गते को बैठकबाट भएको निर्णय तथा सिफारिस बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान तथा प्रमाणीकरणका आधार/मापदण्ड, २०८३ को दफा ४ को उपदफा (१) को खण्ड (क) देखि (झ) सम्म तथा दफा ५ को उपदफा (१) को खण्ड (क) देखि (च) सम्म तोकिएको प्रक्रिया पूरा गरी वडा तहबाट सिफारिस भई आएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको विवरणलाई सोही मापदण्डको दफा ४ को उपदफा (१) बमोजिमको अनुसूची–१ तथा उपदफा (२) बमोजिम आवश्यक प्रक्रिया पूरा गरी प्रमाणीकरण गर्ने र प्रमाणीकरण भएका विवरण

प्र.प्रशासकीय अधिकृत

तथा आवश्यक कागजातहरू जिल्ला भूमि समस्या समाधान समिति, बाजुरा समक्ष पेश गर्ने निर्णय गरियो। प्रमाणीकरण भएका नौ वटै वडाका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको नाप–नक्सा कार्य आवश्यक प्रक्रिया पूरा गरी अगाडि बढाउन जिल्ला भूमि समस्या समाधान समिति, बाजुरालाई अनुरोध गर्ने, नाप–नक्सा कार्यका लागि आवश्यक प्राविधिक जनशक्तिको व्यवस्थापन तथा सम्बन्धित निकायसँग आवश्यक समन्वय र सहजीकरणका लागि जिल्ला भूमि समस्या समाधान समिति, बाजुरालाई अनुरोध गर्ने निर्णय गरियो। साथै नाप–नक्सा कार्य सञ्चालनका लागि आवश्यक पर्ने नाप–नक्सासम्बन्धी यन्त्र, उपकरण तथा सामग्रीको व्यवस्थापन नगरपालिकाले प्रचलित कानून तथा स्वीकृत बजेटको सीमाभित्र रही गर्ने र कार्य सञ्चालनका क्रममा तत्काल आवश्यक पर्ने प्राविधिक वा सहयोगी जनशक्ति उपलब्ध नभएमा प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पूरा गरी ज्यालादारी/करार सेवामा जनशक्ति व्यवस्थापन गर्ने निर्णयसमेत गरियो।

प्रमुख प्रशासकीय अधिकृत